# स्थानीय राजपत्र

## लिम्चुङबुङ गाउँपालिका

**खण्ड (७) संख्या (२) बाराहा, उदयपुर, कोशी प्रदेश, नेपाल**

कार्यपालिकाले पास गरेको मितिः २०८०/८/१४

### भाग-२

**लिम्चुङबुङ गाउँपालिकामा भौतिक पूर्वाधार विकास शाखा ( प्राविधिक शाखा) तथा योजना अनुगमन समिति अन्तर्गत कार्यरत कर्मचारीहरु र जनप्रतिनिधिहरुको अनुगमन भत्ता सम्बन्धी कार्यविधि, २०८०**

लिम्चुङबुङ गाउँ सभाको वैठकबाट स्वीकृत भएको ऐन, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (२) बमोजिम लिम्चुङबुङ गाउँपालिकाको स्थानीय राजपत्र सम्बन्धी कार्यविधि, २०७४ अनुसार सर्वसाधारणको जानकारीका लागी प्रकाशन गरिएको छ ।

संवत् २०८० सालको कार्यविधि नं. ०२

# लिम्चुङबुङ गाउँपालिकामा भौतिक पूर्वाधार विकास शाखा ( प्राविधिक शाखा) तथा योजना अनुगमन समिति अन्तरगत कार्यरत कर्मचारीहरु र जनप्रतिनिधिहरुको अनुगमन भत्ता सम्बन्धी कार्यविधि, २०८०

कार्यपालिकाबाट स्वीकृत मितिः- २०८०/०८/१४

**प्रस्तावनाः**

यस लिम्चुङबुङ गाउँपालिकाको भौतिक पूर्वाधार विकास शाखा (प्राविधिक शाखा) तथा अनुगमन समिति अन्तर्गत कार्यरत कर्मचारीहरु र जनप्रतिनिधिहरु गाउँपालिकाबाट सञ्चालित योजनाहरुको योजनास्थलमै शनिबार शुक्रबार विदाको दिन साथै बिहान बेलुका रातीको समय हिंउद बर्षा नभनि जानुपर्ने गरी सञ्चालित हुने विकास योजाना तथा कार्यक्रममा हुने काममा थप हौसला प्रदान गर्न जनप्रतिनिधि र कर्मचारीले प्राप्त गर्ने सुविधालाई व्यवस्थित गर्न वाञ्छनिय भएकोले स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ को उपदफा २ ले दिएको अधिकार प्रयोग गरी लिम्चुङबुङ गाउँपालिकाले यो जनप्रतिनिधि तथा कर्मचारी अनुगमन भत्ता सम्बन्धी कार्यविधी २०८० जारी गरेको छ ।

**संक्षिप्त नाम र प्रारम्भ :-**

क) यस कार्यविधिको नाम **लिम्चुङबुङ गाउँपालिकामा भौतिक पूर्वाधार विकास शाखा (प्राविधिक शाखा) तथा योजना अनुगमन समिति अन्तरगत कार्यरत जनप्रतिनिधि र कर्मचारीहरुको अनुगमन भत्ता सम्बन्धी कार्यविधि, २०८०** रहेको छ ।

ख) यो कार्यविधि कार्यपालिकाबाट २०८०/८/१४ मितिमा स्वीकृत भएता पनि गत आ.व.२०७९/०८० को स्रावन महिना देखि लागु हुनेछ।

**१. परिभाषा :-**

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः

क. "अध्यक्ष " भन्नाले गाउँपालिकाको अध्यक्ष सम्झनु पर्दछ ।

ख. "कार्यविधि" भन्नाले **लिम्चुङबुङ गाउँपालिकामा भौतिक पूर्वाधार विकास शाखा (प्राविधिक शाखा) तथा योजना अनुगमन समिति अन्तरगत कार्यरत जनप्रतिनिधि र कर्मचारीहरुको अनुगमन भत्ता सम्बन्धी कार्यविधि, २०८०** सम्झनु पर्दछ ।

ग. "कार्यालय" भन्नाले लिम्चुङबुङ गाउँ कार्यपालिकाको कार्यालय सम्झनु पर्दछ ।

घ. "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८४ बमोजिम अधिकृत कर्मचारी सम्झनु पर्दछ ।

ङ "प्राविधिक कर्मचारी" भन्नाले लिम्चुङबुङ गाउँपालिकाको भौतिक पूर्वाधार विकास शाखामा कार्यरत योजना संचालनको लागि सर्वे, ईष्टिमेट, रनिङ विल, कार्यसम्पादन स्तर जाँच गर्न, नापी किताव तयार, कार्य सम्पन्न प्रतिवेदन, फाईनल विल, अनुगमन आदि गर्ने सिभिल इन्जिनियरिङ समुह अन्तर्गतको इन्जिजियर, सव इन्जिजियर, असिस्टयान्ट सव इन्जिजियर सम्झनु पर्दछ ।

च."अनुगमन समिति" भन्नाले यस लिम्चुङबुङ गाउँपालिकामा सञ्चालित भौतिक पूर्वाधार विकास अन्तर्गतका योजनाहरुको चेक, जाँच तथा नियमित अनुगमनको लागि गठन गरेको समिति सम्झनुपर्छ।

छ. "अनुगमन भत्ता" भन्नाले प्राविधिक कर्मचारीको साथमा जनप्रतिनिधिले सेवा प्रवाह गर्ने गाउँपालिकाको योजना क्षेत्रमा संचालित योजनाहरुको अनुगमनमा खटिएर कार्य गरे वापत प्रोत्साहनको रुपमा गर्ने भ्रमण, सर्वे तथा अनुगमन वापतको भत्तालाई अनुगमन भत्ता सम्झनुपर्छ।

**२. अनुगमन भत्ता प्राप्त गर्ने आधार**

क) यस कार्यविधि वमोजिमको भत्ता प्राप्त गर्न सम्बन्धित कर्मचारीले मासिक रुपमा कार्यालयमा हाजिर भई काम गरेको हुनुपर्नेछ।आवश्यक पर्दा कार्यालयले खटाएको/अर्हाएको निर्माण कार्य योजनाहरुमा सर्वे, स्थलगत अनुगमन, निर्माण कार्यको निरन्तर अनुगमन, परामर्श, कार्य सम्पन्न प्रतिवेदन आदि कार्यहरु गर्नुपर्नेछ।

ख) भत्ता प्रदान गर्ने प्रयोजनका लागि जनप्रतिनिधि र प्राविधिक कर्मचारीहरुले मासिक रुपमा काम गरेको विवरण शाखा प्रमुखले तयार गरी प्रशासन मार्फत पेश गर्नु पर्दछ।

ग) उपदफा (१) बमोजिम काम गरेका कर्चारीहरु र उपदफा(२) बमोजिम पेश गरेको विवरण स्वीकृत भए पश्चात कर्मचारीले आफ्नो पद/तह/स्तर अनुसार देहाय बमोजिम एकमुष्ट बार्षिक अनुगमन भत्ता प्राप्त गर्नेछन :

| सि.नं. | पद/तह/स्तर | प्राप्त हुने प्रति योजना अनुगमन भत्ता (रू.) |
|---|---|---|
| १ | अनुगमन समिति संयोजक (उपाध्यक्ष) | १,०००/- |
| २ | भौतिक पूर्वधार संयोजक | १,०००/- |
| ३ | प्रमुख प्रशासकिय अधिकृत (प्र.प्र.अ.) | १,०००/- |
| ४ | योजना शाखा प्रमुख | १,०००/- |
| ५ | ईन्जिनियर (अधिकृत स्तर) | १,०००/- |
| ६ | सव-ईन्जिनियर (सहायक स्तर पाँचौ ) | १,०००/- |
| ७ | योजना सहायक | १,०००/- |
| ८ | असिष्टेन्ट सव-ईन्जिनियर (सहायक स्तर चौथो) | १,०००/- |

**३. भुक्तानी विधि :**

आ.व.२०७९/०८० साल स्रावन महिना देखि दफा २ बमोजिमका जनप्रतिनिधि र प्राविधिक कर्मचारीको तलवमा अनुगमन भत्ता समावेश गरि बार्षिक रुपमा कार्यालयले उपलब्ध गराउनेछ।

**४. अन्य सेवा सुविधा दिन सकिने :**

क) प्राविधिक कर्मचारीलाई कार्यालयको कामको शिलशिलामा गाउँपालिका क्षेत्र बाहिर जाँदा भ्रमण खर्च दिन सकिनेछ।

ख) विभिन्न सिमितको सदस्यको रुपमा कार्य गर्दा नियमानुसार प्राप्त गर्ने भत्ता तथा अन्य सुविधा लिन वाधा पर्ने छैन् ।

**५. कार्यविधिको व्याख्या :-**

यो कार्यविधिको व्याख्या गर्ने अधिकार कार्यपालिकामा निहित रहनेछ।

**६. कानूनी कार्वाहि हुने :-**

झुठो अनुगमन प्रतिवेदन पेश गर्ने र गराउने कार्यमा संलग्न भएमा प्रचलित नियमानुसार कानूनी कार्यवाहि हुनेछ।

**७. थपघट तथा हेरफेर :-**

आवश्यकता, प्राथमिकता एवं सन्दर्भलाई समेत मध्यनजर गरी कार्यपालिकाले प्रचलित कानूनसँग नबाझिने गरी यस कार्यविधिमा आवश्यक थपघट तथा हेरफेर गर्न सक्नेछ।

**आज्ञाले**
**योगेन्द्र राज गुरुङ्ग**
**(प्रमुख प्रशासकीय अधिकृत)**

प्रकाशित मितिः २०८०/०८/१८

स्थानीय राजपत्र